चेलापन पाठ ४६

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**सिकेको कुरा बाँड्नु** (२० मिनेट) **[शान्त समय]** **अय्यूब ३८, ३९, ४०, ४१ र ४२**

तपाईंलाई तोकिएको बाइबल खण्ड (अय्यूब ३८, ३९, ४०, ४१ र ४२) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

३	**बाइबल पद कण्ठ** (२० मिनेट) **[चेलापन]** **(५) मत्ती २८:१८-२०**

क. मनन

मत्ती २८:१६-२० पढ्नुहोस्। ती एघारै जना चेलाहरू गालीलको त्यस डाँड़ामा गए, जहाँ येशूले तिनीहरूलाई जाने आदेश दिनुभएको थियो। तिनीहरूले उहाँलाई देखेर दण्डवत् गरे, तर कतिले चाहिँ शङ्का गरे। तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।"

(५)

चेलाहरू बनाउनु मत्ती २८:१८-२०
तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ। २ कोरिन्थी ९:६-७

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

यो बाइबल पदलाई तपाईंको कार्डको छाडिपट्टि लेख्नुहोस्।

१. महान् दाबी (मत्ती २८:१८)।

येशू ख्रीष्टले महान् दाबी गर्नुहुन्छ! आफ्नो मृत्यु र पुनरुत्थानपछि परमेश्वर पिताले उहाँलाई सबै अधिकार दिनुभएको छ भनी येशूले दाबी गर्नुहुन्छ; त्यो स्वर्गको लागि मात्र होइन तर जहाँ तपाईं बस्नुहुन्छ, त्यो पृथ्वीको लागि पनि हो।

(१) येशू ख्रीष्टको अधिकार उहाँको पहिलो आगमनभन्दा पहिल्यै अगमवाणी भइसकेको थियो।

मत्ती २८:१८ पुरानो करार र नयाँ करारको भविष्यवाणीको परिपूर्ति हो। यशैया ९:६-७ मा अगमवक्ता भन्दछन्, "किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ। शासन उहाँको काँधमा हुनेछ। उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ। उहाँको शासन र शान्तिका वृद्धिको अन्त कहिल्यै हुनेछैन। दाऊदको सिंहासन र तिनको राज्यमाथि त्यसलाई न्याय र धार्मिकताको साथ

स्थापित गरी स्थिर गराउन, त्यस बेलादेखि सदाको निम्ति उहाँले राज्य गर्नुहुनेछ। सर्वशक्तिमान् परमप्रभुको जोशले यो पूरा गर्नेछ।"

दानिएल ७:१३-१४ ले यसरी अगमवाणी गर्दछ, "राती मैले मेरो दर्शनमा हेर्दै र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। उहाँलाई अधिकार, महिमा र सार्वभौम शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।"

येशूल मत्ती १६:२८ मा यसरी भविष्यवाणी गर्नुहुन्छ, "साँच्चै, म तिमीहरूलाई भन्दछु, यहाँ खड़ा हुनेहरूमध्ये कतिले मानिसको पुत्रलाई आफ्नो राज्यमा आइरहेको नदेखेसम्म मृत्यु चाख्नेछैनन्।"

(२) येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानभन्दा पहिले र पछि उहाँको अधिकार।

निर्देशिका ३, पाठ ३०, प्रश्न १ हेर्नुहोस् : (मत्ती २८:१८) "येशूसँग सबै अधिकार नभएको के कुनै समय थियो?"

येशूको मृत्यु र पुनरुत्थानभन्दा पहिले, उहाँसँग महान् अधिकार थियो। परमेश्वर पिताले सबैथोक उहाँलाई सुम्पनुभएको थियो (मत्ती ११:२७)। उहाँले बिरामीहरूलाई निको तुल्याउनुभयो, भूत लागेकाहरूलाई स्वतन्त्र पार्नुभयो, पक्षघातीलाई ठिक पार्नुभयो र आँधीलाई शान्त तुल्याउनुभयो (मत्ती ४:२४)। तैपनि, उहाँले ती सबै काम आफैले सीमित पार्नुभयो, किनभने आफ्नो मृत्यु र पुनरुत्थानद्वारा येशूले अझै मुक्तिको इतिहासलाई पूरा गर्नुपर्ने थियो।

उहाँले सुरुका पक्षघाती र अन्धो व्यक्तिलाई आफू निको भएको कुरा कसैलाई नबताऊनू भनी भन्नुभयो (मत्ती ८:४; मत्ती ९:३०)। उहाँले मरेकाहरूलाई बौराई उठाउनुभयो (लूका ८:४९-५६; लूका ११:७-१४; यूहन्ना ११:३७-४४)। सांसारिक राजा हुन उहाँले इन्कार गर्नुभयो (यूहन्ना ६:१४-१५)। आफूले छुटकारा पाउन स्वर्गबाट बाह्र पल्टन सेनाहरू माग्न आफ्नो अधिकारलाई प्रयोग गर्न उहाँले अस्वीकार गर्नुभयो (मत्ती २६:५३)। उहाँले आफ्ना सत्रुहरूलाई मुड्कीले हिर्काउन, कोर्रा लगाउन, मुखमा थुक्न, टाउकोमा काँडाको मुकुट लगाउन, लट्ठीले टाउकोमा हिर्काउन र अन्तमा क्रूसमा टाँग्न दिनुभयो (मत्ती २६:६७; २७:१-२,२६-३१)[12]।

आफ्नो मृत्यु र पुनरुत्थानभन्दा पहिले येशूले आफ्नो असीमित सार्वभौम शक्ति अभ्यास गर्नुभएन, किनभने उहाँले जानाजानी अनि स्वेच्छाले आफूलाई रत्याउनुभएको थियो (जसको मतलब परमेश्वरको बराबरी हुने कुरालाई उहाँले त्याग्नुभयो) (फिलिप्पी २:६८)।

तर आफ्नो मृत्यु, पुनरुत्थान, स्वर्गारोहण र स्वर्गको सिंहासनमा विराजमान हुनुभएपछि, येशूले आफ्नो असीमित अधिकार स्वर्ग र पृथ्वीमा अभ्यास गर्न थाल्नुभयो! आफ्ना चेलाहरूद्वारा उहाँले निरन्तर आश्चर्यकर्महरू गर्नुभयो अनि उहाँले तिनीहरूलाई हरेक ठाउँमा सुसमाचार घोषणा गर्न सहास र हिम्मत दिनुभयो। सुसमाचारको घोषणाद्वारा उहाँले शैतानको क्षेत्रमा भएका अनगिन्ती मानिसहरू लुट्नुहुन्छ र तिनीहरूलाई आफ्नो राज्यमा ल्याउनुहुन्छ (मत्ती १२:२९-३०; लूका १०:१७-१९; यूहन्ना १२:३१-३२; कलस्सी १:१३; प्रकाश १२:१०-१२; प्रकाश २०:३)। सबै घुडाहरू उहाँको सामु नटेकेसम्म अनि सबै जिब्रोहरूले उहाँ नै साँचो प्रभु हुनुहुन्छ भनी स्वीकार नगरेसम्म कसैले उहाँलाई रोक्न सक्नेछैन अथवा रोक्ने छैन (फिलिप्पी २:९-११; यशैया ४५:२३ सँग तुलना गर्नुहोस्)।

(३) येशू ख्रीष्टको अधिकार इनामजस्तो हो।

येशू ख्रीष्टले यो असीमित अधिकार आफूले पूरा गरेको मुक्तिको कामको इनामस्वरूप प्राप्त गर्नुभयो (एफिसी १:१९-२३; फिलिप्पी २:९-११; प्रकाश ५:५)। आफ्नो पहिलो आगमनदेखि येशू संसारमा विजयी हुनुभएको छ र संसार उहाँद्वारा विजय पारिएको अवस्थामा रहन्छ (यूहन्ना १६:३३)[13]। यूहन्नाको दर्शनमा, येशूले विजयको माला पहिरिनुभएर विजय गर्न विजयी

---

[12] संसारमा अरू धर्महरूले आफ्नो 'अगमवक्ता' अथवा 'संस्थापक'लाई ठूलो व्यक्ति बनाउँदै कहिल्यै दु:ख नभोग्ने महान् व्यक्तिको रूपमा महिमा गर्छन्! तर येशू ख्रीष्टचाहिँ दु:ख-कष्ट भोग्ने मानिस हुनुहुन्छ। "ऊसित हामीलाई आकर्षण गर्ने न केही सुन्दरता न त महत्त्व नै थियो। उसको अनुहारमा हामीलाई मन पर्ने केही थिएन। ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो" (यशैया ५३:२-३)। बडाहाकिमले, 'यो मानिस यहाँ छ' (Latin: Ecco homo!) भन्दा, मानिसहरूले 'त्यसलाई क्रूसमा टाँग्नुहोस्' भनी चिच्याए (यूहन्ना १९:५)!

[13] Greek : perfect tense

भएर घोडामा सवार हुनुहुन्छ (प्रकाश ६:२)। प्रेरितहरू र उनीहरूलाई पछ्याउनेहरूले संसारको हरेक भागको हरेक व्यक्तिले येशू ख्रीष्टलाई 'राजाहरूका राजा अनि प्रभुहरूका प्रभु' भनी स्वीकार गर्नुपर्छ भनी माग गर्नैपर्छ (प्रकाश १७:१४; प्रकाश १९:१६)।

२. महान् आदेश (मत्ती २८:१९)।

येशू ख्रीष्टको महान् अधिकारले महान् आदेश दिनुहुन्छ! "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ।"[14]

(१) पहल गर्नुहोस् (अग्रसर हुनुहोस्)।

येशूका चेलाहरूले संसारको मानिसहरू आफूकहाँ आउँछन् भनी पर्खने होइन, तर संसारका मानिसहरूकहाँ जाने पहल गरी तिनीहरूकहाँ जानैपर्छ। तिनीहरू आफ्नो छिमेकमा बस्ने मानिसहरूकहाँ, अर्को गाउँ र सहरमा बस्ने मानिसहरूकहाँ अनि अर्कै मुलुकमा बस्ने मानिसहरूकहाँ जानैपर्छ। बाइबलको सुरुवातदेखि नै परमेश्वरले संसारको हरेक घराना र हरेक सँस्कृतिका मानिसहरूलाई समेट्ने उद्देश्य राख्नुभएको थियो (उत्पत्ति १२:३)।

सुरुदेखि नै परमेश्वरले संसारमा हराकाएका मानिसहरूलाई प्रेम गर्नुभयो (यूहन्ना ३:१६)। संसारमा हराएका मानिसहरू भन्नाले परमेश्वरबाट अलग भएका, पापको बोझले लादिएका, परमेश्वरको धार्मिक न्यायमा पर्न लागेका र परमेश्वरको मुक्तिको खाँचोमा परेका मानिसहरूलाई समेट्छ। जुनसुकै जाति, राष्ट्रियता, भाषा अथवा सँस्कृतिको भए तापनि परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुभयो (यूहन्ना ३:१६)।

संसारमा हराएका ती मानिसहरूलाई उहाँले प्रेम गर्नुहुँदा, त्यहीबेला तिनीहरू उहाँको अनन्त चुनाउमा पनि पर्दछन् (रोमी ८:२९:३४; रोमी ९:११-१२; रोमी ११:५: एफिसी १:४: २ थेसलोनिके २:१३-१४; २ तिमोथी १:९-१०; २ तिमोथी २:१९; १ पत्रुस १:१-२; प्रकाश १७:१४)।

अब आफ्नो मृत्यु र पुनरुत्थानद्वारा येशू ख्रीष्टले धार्मिकताको लागि परमेश्वरले माग गर्नुभएको कुरालाई पूरा गरिसक्नुभएको छ; र येशू ख्रीष्टद्वारा परमेश्वरले योजना गर्नुभएको मुक्तिको त्यो सन्देश यरूशलेमबाट पृथ्वीको सबै ठाउँहरूमा जानु पर्दछ (प्रेरित १:८; यशैया २:१-४ लाई ध्यान दिनुहोस्)। सुरुमा प्रेरितहरू अनि सबै इसाईहरू उहाँका संदेशवाहकहरू हुन्।

(२) सबै राष्ट्रहरूलाई (जातिहरूलाई) चेला बनाउनुहोस्।

मुख्य क्रियापद भनेको 'चेला बनाउनु' हो। यो आज्ञा येशू ख्रीष्टले एबै समयको निम्ति एकैपटक आफ्ना चेलाहरूलाई दिनुभएको आज्ञा हो। 'जानु', 'बप्तिस्मा दिनु' र 'पालना गर्न सिकाउनु' कृदन्त क्रियापदहरू हुन्, जुन मुख्य क्रियापदमा निर्भर हुन्छन्। त्यसकारण तिनीहरूसँग पनि शक्ति हुन्छ। चेलाहरू बनाउने आज्ञा निरन्तर लागु भइरहन्छ!

कुनै व्यक्ति 'इसाई' भएर जन्मदैन; त्यसको निम्ति उसले पवित्र आत्माको शुद्धिकरणको काम र सत्यतामाथि गरिएको विश्वासद्वारा (२ थेसलोनिके २:१३-१४) नयाँ जन्म पाएको हुनैपर्छ (यूहन्ना ३:७)।

नयाँ जन्म पाएको इसाईलाई ख्रीष्टको चेला बनाइनु पर्दछ। त्यो काम उक्त इसाईलाई पानीको बप्तिस्मा दिएर अनि निरन्तर येशू ख्रीष्टको आज्ञाहरू पालना गर्न सकाएर हुँदछ। तसर्थ, येशू ख्रीष्टलाई पछ्याउने व्यक्ति नै उहाँको चेला हो, जसले येशूलाईई पछ्याउँदै उहाँबाट सिक्दछ र उसँग येशूले सुसमाचारको पुस्तकहरूमा सिकाउनुभएको विशेष विशेषताहरू हुन्छन् (निर्देशिका २, पाठ २३ हेर्नुहोस्)। त्यसकारण, चेला भनेको परिपक्व भई काम गर्ने दृढ इसाई हो। त्यसकारण, महान् आदेश भनेको सकेसम्म धेरै येशू ख्रीष्टको चेलाहरू बनाउनु हो।

(३) तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिनुहोस्।

- चेलालाई पानीको बप्तिस्मा दिने आज्ञा।

मानिसहरूले इमान्दारीसाथ येशू ख्रीष्टमा विश्वास गरेपछि (तिनीहरूले उहाँलाई आफ्नो हृदय र जीवनमा ग्रहण गरेपछि), तिनीहरूले आफूहरू पवित्र आत्मामा बप्तिस्मा भएको देखाउँछन्[15] (जसको मतलब तिनीहरूले पवित्र आत्माद्वारा नयाँ जन्म

[14] Greek: participle, aorist ... imperative, aorist, active ... participle, present tense, active
[15] Greek, Acts 11:16 ... twic dative case = here an indication of the instrument or means whereby

पाउनु हो (प्रेरित ११:१४-१८; प्रेरित १५:७९)। तिनीहरूको हृदयमा भएको विश्वास र तिनीहरूका मुखले गरेको स्वीकारले (रोमी १०:९-१०) तिनीहरू येशूको एउटै शरीरमा पवित्र आत्माद्वारा अथवा पवित्र आत्मामा बप्तिस्मा[16] भएका छन् भनी देखाउँछन् (जसको मतलब तिनीहरू एउटै विश्वव्यापी इसाई मण्डलीको सदस्यहरू हुनु हो) (१ कोरिन्थी १२:१२-१३)।

- **पानीको बप्तिस्माको अर्थ।**

इसाईले पानीको बप्तिस्मा लिनुभनेको उसले पवित्र आत्माको बप्तिस्मा पाएको (प्रेरित १०:४७४८) अदृश्य वास्तविकताको दृश्य चिन्ह र मोहर हो (रोमी ४:११ सँग तुलना गर्नुहोस्)। इसाईले पानीको बप्तिस्मा लिनु भनेको येशू ख्रीष्ट उक्त नयाँ विश्वासीको निम्ति स्वर्गमा परमेश्वरको सामु प्रतिनिधि हुनु हो (रोमी ५:१७-१९; हिब्रू ९:२४) अनि उक्त नयाँ विश्वासीसँग येशू ख्रीष्टले पूरा गर्नुभएकोको मुक्ति विगत, वर्तमान र भविष्यको लागि सुरुदेखि अन्तसम्म हुनु हो। आत्माको बप्तिस्माले तीन वटा कुराहरू स्थापित गर्दछ र त्यसलाई पानीको बप्तिस्माले सङ्केत गर्दछ:

- विगतमा यी कुराहरू स्थापित भएका छन्: आत्माको बप्तिस्मामा उक्त विश्वासी ख्रीष्टसँगै मरेको र पुनरुत्थान भएको हुन्छ (जसको मतलब, उसको नयाँ जन्म, जीवन परिवर्तन र उसले गरेको विश्वास हो) (रोमी ६:३-५; एफिसी २:४-७); त्यसपछि उसँग वैधानिकरूपमा येशू ख्रीष्टको धार्मिकता र पवित्रता हुन्छ (१ कोरिन्थी १:३०)! उसले नयाँ जन्म पाएपछि ख्रीष्टको उसको विशेष आत्मिक अवस्था हुन्छ, जसलाई ऊ धर्मी ठहरिको भनिन्छ (उसले पूर्णरूपमा क्षमा पाएको) (रोमी ५:१) र ऊ सिद्ध भएको हुन्छ (ऊ पापमय संसारबाट पूर्णरूपमा अलग भएको हुन्छ र पूर्णरूपमा ख्रीष्टप्रति समर्पित भएको हुन्छ) (रोमी १:७)। नयाँ जन्म पाएपछि उक्त विश्वासी परमेश्वरको अनुग्रह र प्रेमको मुनि रहन्छ (रोमी ६:१४; रोमी ८:३५,३९)।
- वर्तमान समयमा यी कुरा वास्तविकतामा भइसकेका छन्: नयाँ जन्मद्वारा सुरुमा उक्त विश्वासीसँग नयाँ आत्मिक स्वभाव हुन्छ (तीतस ३:५-७) अनि उसले धार्मिक र पवित्र जीवन जिउन चाहन्छ, जिउन सक्छ र जिउनेछ (रोमी ६:१-८)। ऊ येशू ख्रीष्टको चेला भएको हुन्छ (वृद्धि हुँदैजाने इसाई) (मत्ती २८:१९), ऊ ख्रीष्टको एउटै शरीरको सदस्य भएको हुन्छ (विश्वव्यापी[17] मण्डलीमा) (१ कोरिन्थी १२:१३) र परमेश्वरले करार बाँध्नुभएको एउटै मानिसहरूको सदस्य भएको हुन्छ (गलाती ३:२६-२९)।
- भविष्यमा यी कुराहरूको अपेक्षा गर्न सकिन्छ: उक्त विश्वासीको शरीर भविष्यमा हुने पुनरुत्थानमा सहभागी हुनेछ (फिलिप्पी ३:२०-२१) र शरीर र आत्मामा ऊ येशू ख्रीष्टको सिद्ध मानवीय स्वभावजस्तै हुनेछ (१ यूहन्ना ३:१-३; फिलिप्पी ३:२०-२१)। ऊ कहिल्यै दोषी ठहरिनेछैन (दण्ड पाएर नरकमा नास हुनेछैन) (रोमी ८:१) किनभने उसँग अनन्त जीवन हुन्छ (यूहन्ना ३:१६; यूहन्ना ५:२४; मत्ती २५:४६ सँग तुलना गर्नुहोस्)।

इसाईले पानीको बप्तिस्मा लिनु भनेको:

- पवित्र आत्मामा बप्तिस्मा भएको दृश्य चिन्ह र मोहर हो (उसको पुर्नजन्म, नयाँ गरी जन्मिएको र माथिबाट जन्मिएको) (प्रेरित १०:४७-४८)
- जीवन परिवर्तनको दृश्य चिन्ह र मोहर हो (उसको समझ, जीवनको दिशा र जीवनको ढाँचा परिवर्तन हुनु हो) (प्रेरित ३:१९)
- क्षमा पाएको दृश्य चिन्ह र मोहर हो (प्रेरित २:३८)। विश्वासद्वारा पापहरू पखालिनु (प्रेरित ३:१९) अथवा धोइनु (प्रेरित २२:१६), जसको मतलब परमेश्वरको नजरमा पूर्णरूपमा धर्मी ठहरिनु हो (रोमी ५:१)
- आफूलाई तीन वटा तरिकाहरूद्वारा प्रकट गर्नुहुने परमेश्वरसँग एकता भएको दृश्य र चिन्ह र मोहर हो (मत्ती २८:१९; प्रेरित २:३८) र परमेश्वरले करार बाँध्नुभएको मानिसहरू (गलाती ३:२७-२९; एफिसी २:१७-१९; एफिसी ३:२-६) अथवा परमेश्वरको मण्डलीसँगको एकता हो (१ कोरिन्थी १२:१३)।
- येशू ख्रीष्टमा तपाईंको सहभागिताको दृश्य चिन्ह र मोहर हो, जुन उहाँले आफ्नो मृत्यु र पुनरुत्थानद्वारा विगतमा पूरा गरिसक्नुभयो, जुन उहाँले वर्तमानमा स्वर्गमा गर्नुहुने शासनद्वारा पूरा गर्दैहुनुहुन्छ, र जुन उहाँले भविष्यमा आफ्नो दोस्रो आगमनमा पूरा गर्नुहुनेछ (रोमी ६:१-८; एफिसी २:५-६)। यसले तपाईंले येशू ख्रीष्टको चेलाहरू संसारको सबै राष्ट्रहरूमा बनाउने कुरालाई समेट्छ (मत्ती २८:१९)।

- **पानीको बप्तिस्मा लिने तरिका।**

[16] Greek, 1 Corinthians 12:13 ... dative case = here an indication of the instrument or means whereby
[17] Greek: catholic, means: general worldwide, and not Roman Catholic (a denomination)

तपाईंले पवित्र आत्मामा लिनुभएको बप्तिस्माको[18] दृश्य चिन्ह भनेको तपाईंले लिने पानीको[19] बप्तिस्मा हो (मर्कूस १:८)। बप्तिस्मा दिने यूहन्नाले मानिसहरूलाई यर्दन नदीमा[20] पानीको बप्तिस्मा दिए (मर्कूस १:५)

फिलिपले इथियोपियाको नपुंसकलाई 'केही पानी'[21] भएको ठाउँमा बप्तिस्मा दिए (प्रेरित ८:३६)। तिनीहरू दुवै जना पानीमा गए[22] र फिलिपले उक्त इथोपियाका मानिसलाई बप्तिस्मा दिएपछि ती दुवैजना पानीबाट माथि आए[23]। यसले पानीमा डुबाएर दिइने बप्तिस्मालाई बुझाउँदैन, किनभने तिनीहरू दुवैजना पानीमा त्यसको सतहमुनि गएको हुनुपर्छ र फिलिपले उक्त इथिपियाको मानिसलाई पानीको सतहमुनि बप्तिस्मा दिएपछि फेरि तिनीहरू दुवैजना पानीको सतहबाट निस्केको हुनुपर्छ। बाइबलमा पानीभित्र डुबाएर बप्तिस्मा दिएको एउटा खण्ड पनि उल्लेख गरिएको छैन![24] त्यहाँ के भएको थियो भने तिनीहरू दुवैजना सडकबाट केही पानी भएको ठाउँमा ओर्लेर गएका थिए। बप्तिस्मा दिँदा दुवै जना खडा भएको हुनुपर्छ, र सायद फिलिपले उक्त व्यक्तिलाई पानी खन्याएर बप्तिस्मा दिए होला (प्रेरित २२:१६ मा जस्तै)। त्यसपछि तिनीहरू दुवै फेरि सडकमा उक्लेर गए (प्रेरित ८:३८-३९, त्यस खण्डमा ३७ पदचाहिँ पछि मूल ग्रीक पाण्डुलिपिमा थपिएको हो)[25]।

हननियाले पावललाई घरभित्र बप्तिस्मा दिए (प्रेरित ९:१७-१८)। हननियाले पावलमाथि पानी खन्याउँदा तिनी खडा थिए। त्यतिबेलाका मानिसहरूले त्यसरी नै नुहाउने गर्थे (तीतस ३:५-६ मा उल्लेखित 'पुनर्जीवनको स्नान' भन्ने वाक्यांशसँग तुलना गर्नुहोस्)। त्यसपछि पावलले प्रभुको नाउँ लिए (घोषणा गरे)। यसरी उसको पापहरू धोइयो (प्रेरित २२:१६)। पानीको बप्तिस्मा आत्माको बप्तिस्माको दृश्य चिन्ह थियो, जहाँ आत्मा माथिबाट मानिसहरूमा खन्याइएको थियो (प्रेरित २:३,१७,३३; प्रेरित १०:४४-४५; प्रेरित ११:१५-१६; तीतस ३:५-७)!

बाइबलले आत्माको बप्तिस्मा र पानीको बप्तिस्माको अर्थ स्पष्टसँग सिकाउँदा, पानीको बप्तिस्मा लिने कुनै विशेष तरिका सिकाउँदैन अथवा सिफारिस गर्दैन!

(४) येशूले आज्ञा गर्नुभएको सबैथोक तिनीहरूलाई पालन गर्न सिकाउनुहोस्।

विश्वासीले बप्तिस्मा लिएपछि, येशू ख्रीष्टको शिक्षाहरू सिक्दै र उहाँका शिक्षाहरूलाई पालना गर्दै ऊ निरन्तर बढ्दैजान्छ। विश्वासीहरूले आफ्ना ज्ञानलाई अभ्यास गर्नैपर्छ (मत्ती ७:२४-२७)। त्यसैकारणले गर्दा, सबै नयाँ इसाईहरूले धार्मिक शिक्षा अथवा चेलापनको तालिम प्राप्त गर्नैपर्छ!

३. महान् प्रतिज्ञा (मत्ती २८:२०)।

महान् प्रतिज्ञाले नै महान् आदेशलाई वास्तविक बनाउँछ। यो प्रतिज्ञा मात्र होइन। यो त वास्तविक तथ्य हो! उक्त तथ्य के हो भने येशू ख्रीष्ट आफ्ना चेलाहरूसँग दिनभरि नै, हरेक दिन र यो संसारको अन्तैसम्म सबै दिनहरू उपस्थित हुनुहुन्छ। येशूले 'साँच्चै वा याद गर' भन्नुहुँदा, त्यसलाई 'राम्रोसँग ध्यान दिनू' भन्ने अर्थ लाग्छ! महान् आदेश पालन गर्नु सजिलो काम होइन। वास्तवमा येशू ख्रीष्ट उपस्थित हुनुभएन भने उहाँको महान् आदेश पालन गर्नु असम्भव हुने थियो। अब यो सम्भव मात्र भएको छैन, तर आज्ञा पालन गर्ने हरेक विश्वासीको निम्ति यो साँच्चै वास्तविता बनेको छ।

ख. बाइबल पद कण्ठ र पुनरावलोकन

१. **लेख्नुहोस् -** बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।
२. **कण्ठ गर्नुहोस् -** उक्त बाइबल पदलाई सही तरिकाले कण्ठ गर्नुहोस्। (५) चेलाहरू बनाउनु - मत्ती २८:१८-२०
३. **पुनरावलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

---

[18] Greek, Mark 1:8b ... dative case = here an indication of the instrument whereby
[19] Greek, Mark 1:8a ... dative case - here an indication of the instrument whereby
[20] Greek, Mark 1:5 ... dative case = here an indicatioin of the place where
[21] Greek ???
[22] Greek, Acts 8:38 ... accusative case = here an indicatioin of the place whereto
[23] Greek, Acts 8:39 ... genitive case = here an indication of the place wherefrom
[24] Of course Christians may baptize people by immersion because the Bible does not forbid. The Bible does not prescribe the method of baptism with water: by sprinkling, by pouring or by immersion.
[25] Nestle-Aland. Novum Testamentum Graece

४	**बाइबल अध्ययन** (७० मिनेट) **[संसारमा जिउनु]** **(५) संसारमा आत्माको फल - गलाती ५:१३-२६**

गलाती ५:१३-२६लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

चरण: १ - पढ्नुहोस्। **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर गलाती ५:१३-२६ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

चरण: २ - पत्ता लगाउनुहोस्। **अवलोकनहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
लेख्नुहोस् - यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

खोज १ - पापमय स्वभावको प्रकटीकरण
पापमय स्वभाव वास गर्नाले यौन अनैतिकता र अत्याचारजस्ता शारीरिक पापहरू, मूर्तिपूजा र तन्त्र-मन्त्रजस्ता आत्मिक पापहरू अनि स्वार्थी महत्वाकांक्षा र झैझगडाजस्ता सामाजिक पापहरूलाई अभिव्यक्त गर्दछ।

खोज २ - पवित्र आत्माको वासको प्रकटीकरण।
पवित्र आत्माको वासले आत्माको फल प्रकट गर्दछ। साँचो इसाईसँग पवित्र आत्मा हुन्छ, र ऊ आत्माद्वारा नियन्त्रित भई आत्माको फल फलाउँछ। पवित्र आत्माले उसको जीवनमा प्रभावकारी नियन्त्रण गर्छ र उक्त इसाईले स्वेच्छा अनि कृतज्ञतासात आत्मासँग सहकार्य गर्दछ। यही तरिकाद्वारा मात्र इसाई आफ्नो पापमय स्वभावको प्रकटीकरणमाथि विजय हासिल गर्दछ। आत्माको फलले केही महत्वपूर्ण विशेषताहरूद्वारा आफूलाई प्रकट गर्दछ, जस्तै: प्रेम, आनन्द, शान्ति, सन्बन्धहरूमा धैर्यता, मित्रता र भलाइ; अनि परमेश्वरमा विश्वास, मानिसहरूप्रति नम्रता, शिष्टता र आफूप्रति आत्मसंयम आदि।

चरण: ३ - प्रश्न **व्याख्याहरू**

ध्यान दिनुहोस् - यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
गलाती ५:१३-२६ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
लेख्नुहोस् - आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
छलफल गर्नुहोस् - (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

गलाती ५:१३-१५
प्रश्न १ - साँचो स्वतन्त्रताको स्वभाव के हो?
टिप्पणी -

(१) साँचो स्वतन्त्रताको अर्थ तपाईंलाई जे मन लाग्यो त्यही गर्न पाउने स्वतन्त्रता होइन।

संसारको धेरै मानिसहरूले आफ्नो इच्छाअनुसार गर्न पाउने पूर्ण स्वतन्त्रतामा विश्वास गर्छन्। तिनीहरूले विश्वास गर्छन्, कि स्वतन्त्रता भनेको आफूले चाहेअनुसार निर्णय गर्न अथवा रोज्न स्वतन्त्र हुनु, आफूलाई मन लागेको गर्ने स्वतन्त्र हुनु, आफूलाई मन लागेको बोल्न स्वतन्त्र हुनु अनि आफूलाई मन लागेजस्तै हुन स्वतन्त्र हुनु हो। तिनीहरूको विचारअनुसार स्वतन्त्रता भनेको आफ्नो स्वभाविक प्रवृत्तिअनुसार विशेष गरी तपाईंको स्वभाविक पापमय अभिलाषाअनुसार गर्न पाउने स्वच्छन्दता (अधिकार) हो।

(२) साँचो स्वतन्त्रता भनेको जे सही छ, त्यही गर्न तपाईं स्वतन्त्र हुनु हो।

बाइबलअनुसार साँचो स्वतन्त्रता भनेको कहिले पनि तपाईंको स्वभाविक प्रवृत्ति अथवा स्वभाविक पापमय अभिलाषाहरूलाई पछ्याउनु होइन। साँचो स्वतन्त्रतामा तपाईंले के गर्नुपर्ने हो, त्यही गर्नु हो! बाइबलमा साँचो स्वतन्त्रता भनेको येशू ख्रीष्टले सिकाउनुहुने तरिकाअनुसार व्यवहार गर्नु र जिउनु हो। बाइबलमा साँचो स्वतन्त्रता भनको येशू ख्रीष्टसँगै बाँधिनु हो, ताकि उहाँको इच्छाअनुसार काम गर्न सकियोस्। यूहन्ना ८:३२-३६ मा येशूले भन्नुहुन्छ, "तिमीहरू मेरो वचनमा रह्यौ (पालन गऱ्यौ) भने तिमीहरू साँच्चै मेरा चेला हौ। तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ। ... साँच्चै म तिमीहरूलाई भन्दछु, पाप गर्ने प्रत्येक पापको कमारो हो। ... पुत्रले तिमीहरूलाई स्वतन्त्र रायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ।"

परमेश्वरले मानिसहरूलाई पूर्ण स्वतन्त्रताको सम्भावनाबिना अनि हरेक व्यक्ति र हरेक थोकबाट स्वतन्त्र हुने गरी सृष्टि गर्नुभएको छ! हरेक मानिस कुनै व्यक्ति अथवा कुनै थोकप्रति बाँधिएको हुन्छ। येशू ख्रीष्टबाट स्वतन्त्र हुन चाहने सबै मानिसहरू साँच्चै तिनीहरूमा भएका पापले बाँधिएका हुन्छन् र साँच्चै नै तिनीहरू पापको दासहरू हुन्! दासहरू आफूलाई परमेश्वरको व्यवस्था अथवा वचनप्रति समर्पित हुन स्वतन्त्र हुँदैनन्।

- तिनीहरू परमेश्वरको व्यवस्था अथवा वचनप्रति समर्पित हुँदैनन् (तिनीहरूले त्यसो गर्दैनन्)
- र तिनीहरू परमेश्वरको व्यवस्था अथवा वचनप्रति समर्पित हुन सक्दैनन् (रोमी ८:७-८) (तिनीहरूले त्यसो गर्न सक्दैनन्)।

तिनीहरूले आफूले चाहेको कुरा गर्न स्वतन्त्र छु भनी विचार गर्दछन् र त्यसैले तिनीहरू पापमय स्वभावमा लिप्त हुन्छन्। तर साँच्चै भन्ने हो भने तिनीहरू कुनै पनि हालतमा स्वतन्त्र हुँदैनन्!

यसको विपरीत, येशू ख्रीष्टमा बाँधिएका सबै मानिसहरू साँच्चै नै दोष, शर्म र पापको शक्तिबाट स्वतन्त्र हुन्छन्! तिनीहरू येशू ख्रीष्टको दासहरूभन्दा निकै धेरै हुन्! आत्मिकरूपमा भन्ने हो भने तिनीहरू 'परमेश्वरका सन्तान' हुन्; अर्थात् तिनीहरू 'परमेश्वरका छोरा-छोरीहरू' हुन्!

(३) साँचो स्वतन्त्रता भनेको प्रेममा एक-अर्कालाई सेवा गर्न तपाईं स्वतन्त्र हुनुहुन्छ।

"बाइबलमा उल्लेखित सबैभन्दा महत्वपूर्ण आज्ञा भनेको, तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदय, आफ्नो सारा प्राण, आफ्नो सारा समझ र आफ्नो सारा शक्तिले प्रेम गर्नू। दोस्रो आज्ञा: आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। यीभन्दा ठूलो आज्ञा अरू छैन" (मर्कूस १२:२९-३१)। "... सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्" (मत्ती २२:३७-४०)। यदि साँचो स्वतन्त्रता भनेको तपाईंले जे गर्नुपर्ने हो, त्यही गर्नु हो भने, साँचो स्वतन्त्रता भनेको परमेश्वरलाई प्रेम गर्नु, अरू मानिसहरूलाई प्रेम गर्नु र आफैलाई प्रेम गर्नु हो। इसाई प्रेमको स्वभाव भनेको आफ्नै लागि खोजी गर्ने होइन (१ कोरिन्थी १३:५), तर अरूहरूको सेवा गर्नु हो।

गलाती ५:१६

प्रश्न २ - नयाँ जन्म पाएको इसाईको मुख्य दुई जिम्मेवारीहरू के-के हुन्?

टिप्पणी -

हरेक इसाई पवित्र आत्मामा भर परेर जिउन जिम्मेवार हुन्छ, जसको मतलब येशू ख्रीष्टमा भर पर्नु हो। यसको अर्थ येशू ख्रीष्टलाई तपाईंको राजा र प्रभु बनाउनु हो।

हरेक इसाई पापमय अभिलाषाहरू उत्पन्न गर्न जिम्मेवार हुँदैन, तर त्यसलाई मृत्युमा राख्न जिम्मेवार हुन्छ (रोमी ८:१३)। यसको अर्थ आत्मिक सङ्घर्षमा इसाई निरन्तर सहभागी हुन्छ।

गलाती ५:१७
प्रश्न ३ - किन इसाईले आफूभित्र यस्तो ठूलो आन्तरिक द्वन्द्व अनुभव गर्दछ?
टिप्पणी -

(१) व्यभिचारी (लम्पट), नियमवादी र विश्वासीको बीचमा के भिन्नता छ?

लम्पट व्यक्तिले आफ्नो स्वभाविक प्रवृत्तिलाई पछ्याउँछ र पाप गर्दा उसले आफ्नो विवेकमा कुनै द्वन्द्व अनुभव गर्दैन। वास्तवमा उसले पापमाथि विजय प्राप्त गर्न नै चाहँदैन।

नियमवादी व्यक्तिले परमेश्वरको अनुग्रह स्वीकार गर्न चाहँदैन र व्यवस्था पालन गरेर फेरि पाप नगर्न उसले आफ्नै शक्तिमा निरन्तर सङ्घर्ष गर्दछ। तर पापहरूमाथि उसले विजय प्राप्त गर्दैन र उसले अन्तिम विजयको अनुभव पनि गर्दैन।

विश्वासीले चाहिँ आफूभित्र वेदनापूर्ण द्वन्द्व अनुभव गर्दछ, तर जेजस्तो भए तापनि उसँग यस्तो साँचो दृढ विश्वास हुन्छ:

- परमेश्वरले उसलाई धर्मी ठह¯याइसक्नुभएको छ र उहाँले उसलाई धर्मी ठानेर व्यवहार गर्नुहुन्छ
- उसले धार्मिक (पवित्र) जीवन जिउन चाहन्छ, जिउन सक्छ र जिउनेछ
- र त्यसकारण, अन्तमा उसले पापमाथि विजय हासिल गर्नेछ

(२) आत्मिक द्वन्द्व इसाईहरूमा मात्र हुन्छ।

पवित्र आत्माले कुनै व्यक्तिलाई परमेश्वरको नैतिक र आत्मिक आज्ञाहरू नबुझाउनुभएसम्म र त्यसको अर्थ नखोल्नुभएसम्म, आफूले गरेका पापहरूप्रति उक्त व्यक्तिले दु:ख अथवा चिन्ता महसुस गर्नेछैन। दोषी महसुस नहुनाले गर्दा, उसले झूटो बोल्छ, चोरी गर्छ, छल गर्छ र हत्या गर्छ (रोमी २:१४-१५)। अथवा दोष वा शर्मको महसुसबिना नै ऊ आफूप्रति केन्द्रित, स्वार्थी, स्व-धार्मिक र परमेश्वरबाट स्वतन्त्र रहन्छ। त्यसपछि उसले अरूको हितलाई कुनै ध्यान दिँदैन (फिलिप्पी २:४)।

तर त्यो व्यक्तिले नयाँ जन्म पाएपछि, पवित्र आत्मा उसमा वास गर्नुहुन्छ। यदि उसले पाप गर्छ भने, उसले आफूलाई दोषी र शर्म महसुस गर्नेछ। उसको पुरानो पापमय स्वभाव र उसमा वास गर्नुहुने पवित्र आत्माबीचको द्वन्द्व त्यसपछि वास्तविक द्वन्द्व हुन्छ। उक्त द्वान्द्व भनेको उसले साँच्चै नयाँ जन्म पाएको छ र परमेश्वरले उहाँमा काम गर्दैहुनुहुन्छ भन्ने कुराको चिन्ह हो!

(३) आत्मिक द्वन्द्वको स्वभाव।

आत्मिक द्वन्द्वमा यी कुराहरू हुन्छन्:

- कहिलेकाहिँ तपाईंले असल गर्न चाहनुहुन्छ, तर त्यो नगर्नुभएको बोध तपाईंलाई हुन्छ।
- अनि कहिलेकाहिँ तपाईंले नचाहनुहुने खराब काम तपाईंले गर्नुहुने बोध तपाईंलाईई हुन्छ (रोमी ७:१९)।
- परमेश्वरको नैतिक र आत्मिक व्यवस्थामा (परमेश्वरको सत्यतामा) तपाईं आनन्दित हुनुहुन्छ।
- तर त्यही समयमा आफूमा अझै वास गर्ने खराब कुराहरूलाई तपाईंले घृणा गर्नुहुन्छ (रोमी ७:१५,२०)।

पुरानो पापमय स्वभावले तपाईंलाई पापको व्यवस्थाको (तपाईंको पापमय स्वभावको) 'युद्ध-बन्दी' बनाउँछ। तपाईं आफूमा भएको पापमय स्वभावबाट बाहिर निस्कन सक्नुहुन्न (रोमी ७:२३)।

तपाईंले आफूभित्र आत्मिक द्वन्द्व अनुभव गर्नुहुने तथ्य पवित्र आत्मा तपाईंमा काम गर्नुहुन्छ भन्ने प्रमाण हो! आत्मिक द्वन्द्व सुखदायी र प्रिय हुँदैन, तर यो हटाउनै नसकिने कुरा हो!।

गलाती ५:१८
प्रश्न ४ - इसाई 'व्यवस्थाको अधिनमा' हुँदैन भन्नुको अर्थ के हो?
टिप्पणी -

(१) व्यवस्था भनेको परमेश्वरको धार्मिक माग (आवश्यक्ता) हो।

'व्यवस्था' भन्ने शब्दको बाइबलमा थुप्रै अर्थहरू छन्। त्यसको अति आधारभूत अर्थ यस्तो छ: "परमेश्वरको व्यवस्था बाइबलको धार्मिक र पवित्र परमेश्वरले गर्नुहुने माग हो, जसअनुसार सबै मानिसहरूले सिद्ध जीवन जिउनैपर्छ र परमेश्वरको व्यवस्थाको सबै अपराधहरूले दण्ड पाउनैपर्छ।" यो व्यवस्थालाई नैतिक व्यवस्था (र अनुष्ठानसम्बन्धी औपचारिक व्यवस्था) नियमहरूको सार हो। परमेश्वर १००% पवित्र र धार्मिक हुनुभएकोले गर्दा, मानिसहरूले नैतिक व्यवस्थाको (र औपचारिक व्यवस्थाको) सारलाई सिद्धरूपले पालना गर्नुपर्ने कुराको माग गर्नुहुन्छ र त्यसको साथै हरेक अपराधले दण्ड पाउनैपर्छ। यदि

परमेश्वरले आफ्नो व्यवस्थाको सिद्ध आज्ञापालन माग गर्नुहुन्न र साथै उहाँको व्यवस्थाको उल्लङ्घनलाई दण्ड दिनुहुन्न भने, उहाँ पवित्र र धार्मिक परमेश्वर हुन सक्नुहुन्न!

(२) सबै स्वभाविक मानिसहरू वैधानिकरूपमा 'परमेश्वरको व्यवस्थाको अधिनमा' छन्।

बाइबलले भन्दछ, "धर्मी कोही छैन, एक जना पनि छैन, बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन ... किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्" (रोमी ३:१०-१२,२३)! यो कुरा स्पष्ट छ, कि मानव इतिहासमा येशू ख्रीष्ट (मानव स्वभावमा आउनुहुने परमेश्वर) (यूहन्ना १:१,१४) बाहेक कुनै पनि व्यक्ति पापरहित छैन (यूहन्ना ८:४६; हिब्रू ४:१५)। यसर्थ, सबै मानिसहरू वैधानिकरूपमा 'व्यवस्थाको अधिनमा' छन्!

(३) गैर-इसाईहरू वैधानिकरूपमा 'परमेश्वरको व्यवस्थाको अधिनमा' छन्।

बाइबलले भन्दछ, "व्यवस्थाका कामहरूमाथि भर पर्ने सबै श्रापित छन्, किनकि धर्मशास्त्रमा यसो लेखिएको छ, 'व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुरामा नरहने र ती पालन नगर्ने हरेक श्रापित हुन्छ'" (व्यवस्था ३:१०)। परमेश्वरले १००% सिद्धताभन्दा कम कुनै कुरा माग्नुहुन्न! बाइबलले भन्दछ, "किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ" (याकूब २:१०)। कुनै विशेष व्यवस्था उल्लङ्घन गरेकोले अपराधी दोषी ठहरिने होइन, तर उसले व्यवस्था दिनुहुने स्वयम् परमेश्वरको विरुद्धमा पाप गरेकोले दोषी ठहरिएको हुन्छ!

संसारका धेरै धर्महरूका मानिसहरूले गलाती ३:१० र याकूब २:१० मा लेखिएका कुरामा विश्वास गर्दैनन्। परमेश्वरले पूर्ण सिद्धता माग गर्नुहुन्छ अनि उहाँ तुलनात्मक भलाइमा सन्तुष्ट हुनुहुन्छ भन्ने कुरा तिनीहरूले विश्वास गर्दैनन्। तिनीहरूले विचार गर्दछन्, कि स्वर्गमा परमेश्वरसँग तराजु छ, जसले मानिसहरूले गरेका असल कामहरूलाई एकातर्फ अनि खराब कामहरूलाई अर्कोतर्फ राखेर तौलिनुहुन्छ। त्यसरी तौलिँदा, खराब कामहरूभन्दा असल कामहरू बढी भयो भने उहाँले तिनीहरूलाई क्षमा गर्नुहुन्छ अनि तिनीहरूलाई धर्मी ठहऱ्याएर स्वर्गलोकमा[26] स्थान दिनुहुन्छ भनी तिनीहरू ठान्दछन्। त्यही कारणले 'धार्मिक क्रियाकलापहरू' गर्न तिनीहरू उत्सुक हुन्छन्: तिनीहरूले दिनमा थुप्रैपटक प्रार्थना गर्छन्; तिनीहरूले हरेक हप्ता आफ्नो अगुवाको प्रवचन सुन्छन्; तिनीहरू उपवास बस्छन्; तिनीहरू यरूशलेम अथवा अन्य त्यस्तै पवित्र ठाउँहरूमा तीर्थ गर्न जान्छन्; तिनीहरूले केही रुपैयाँ-पैसा दिन्छन्; तिनीहरूले आफूलाई पवित्र देखाउन धार्मिक वस्त्र लगाउँछन् र तिनीहरूले औपचारिकरूपमा सफा खाना मात्र खान्छन् आदि इत्यादि। अन्तिम न्यायको दिनमा परमेश्वरले क्षमा दिनुहुनेछ भनी तिनीहरू उत्कट आशा गर्दछन्, तर तिनीहरू त्यसमा कहिल्यै निश्चित हुँदैनन्!

तिनीहरूले गर्ने त्यस्ता सबै प्रयत्नहरू व्यर्थ हुन् भनी बाइबलले स्पष्टसँग बताउँछ! व्यवस्था पालन गरेर कुनै व्यक्ति धर्मी ठहरिँदैन (क्षमा पाउँदैन) (गलाती २:१६), किनभने परमेश्वरको व्यवस्थाप्रति पूर्णरूपमा समर्पित हुने कोही छैन अथवा को परमेश्वरको व्यवस्थाप्रति समर्पित हुन सक्छ र (रोमी ८:७-८)! "परमेश्वरको दृष्टिमा व्यवस्थाबाट कोही मानिस धर्मी ठहरिँदैन भन्ने कुरा प्रत्यक्ष छ" (गलाती ३:११)! अरू सबै धर्मका मानिसहरू (गैर-इसाईहरू) वैधानिकरूपमा 'परमेश्वरको व्यवस्थाको अधिनमा' छन्; यसर्थ तिनीहरू 'परमेश्वरको श्रापको अधिनमा' छन्!

(४) इसाईहरू वैधानिकरूपमा अब 'परमेश्वरको व्यवस्थाको अधिनमा' छैनन्।

बाइबलमा भएको शुभ खबर के हो भने स्वयम् परमेश्वरले हराएका मानिसहरूप्रति उहाँको प्रेममा धार्मिकताको लागि आवश्यक १००% माग पूरा गर्नुभयो। बाइबलको परमेश्वर १००% पवित्र र धार्मिक मात्र हुनुहुन्न, तर उहाँ १००% प्रेम पनि हुनुहुन्छ! उहाँले येशू ख्रीष्टमा मानव स्वभाव धारण गरेर, पृथ्वीमा पापरहित सिद्ध जीवन जिउनुभएर (२ कोरिन्थी ५:२१; हिब्रू ४:१५) र उहाँमा विश्वास गर्ने मानिसहरूको पापको दण्ड आफैले लिनुभएर (१ पत्रुस २:२४) सिद्ध धार्मिकताको निम्ति उहाँको माग पूरा गर्नुभयो र पापीहरूलाई धर्मी ठहरिन सम्भव तुल्याउनुभयो। उहाँमा विश्वास गर्ने मानिसहरूको पापहरू लिनुभएर उहाँले तिनीहरूलाई पूर्ण धार्मिकता दिनुभयो (२ कोरिन्थी ५:२१; मर्कूस १०:४५; यूहन्ना १०:११ हेर्नुहोस्)।

"यसकारण भाइ हो, तपाईंहरूलाई थाहा होस्, कि यी नै मानिसद्वारा (येशूद्वारा) पाप-क्षमा हुन्छ भन्ने घोषणा तपाईंहरूलाई गरिएको छ। तपाईं विश्वास गर्नेहरू हरेकले उहाँद्वारा नै सबै कुराबाट छुटकारा पाउनुभएको छ, जुन छुटकारा मोशाको व्यवस्थाद्वारा तपाईंहरूका निम्ति सम्भव थिएन" (प्रेरित १३:३८-३९)! व्यवस्थाले कसैलाई धर्मी ठहऱ्याउन अथवा बचाउन सक्दैन। स्वभाविक मानिस र धार्मिक मानिसले आफैलाई बचाउन सक्दैन, तर येशू ख्रीष्टले तिनीहरूलाई बचाउन सक्नुहुन्छ!

[26] अथवा पृथ्वीमा पुनर्जन्म वा उच्च तहमा अवतर लिन्छ अथवा अन्तमा तिनीहरू बिलाएर निर्वाण प्राप्त गर्छन्।

येशू ख्रीष्टमा विश्वास गर्ने मानिसहरूले यो कुरा महसुस गर्दछन्, कि परमेश्वरको व्यवस्था पालन गर्न कोसिस गरेर तिनीहरूले कहिले पनि धर्मी ठहरिन (क्षमा पाउन) सकिँदैन। तिनीहरूले यो महसुस गर्दछन्, कि तिनीहरूलाई यस्तो मुक्तदाताको खाँचो छ, जसले तिनीहरूको ठाउँमा परमेश्वरको व्यवस्थालाई सिद्धरूपमा पालन गर्नुहुन्छ र तिनीहरूको ठाउँमा बसेर तिनीहरूका सबै पापहरूको दण्डको मूल्य चुकाउनुहुन्छ! यस्तो मुक्तिदाता येशू ख्रीष्ट मात्र हुनुहुन्छ, किनभने उहाँले मात्र यस अर्थमा परमेश्वरको व्यवस्था पूरा गर्नुहुन्छ (मत्ती ५:१७)। "हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" भन्ने लेखिएको छ" (गलाती ३:१३)। "अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन" (प्रेरित ४:१२)!

हाम्रो पुरानो अस्तित्व येशू ख्रीष्टसँगै क्रूसमा टाँगिसकियो, तसर्थ हामी अबदेखि उसो पापका दासहरू हुनुपर्दैन (रोमी ६:६)। हाम्रो पुरानो पापमय जीवनको अन्त गर्नको निम्ति विश्वासद्वारा हामी ख्रीष्टसँग मर्‍यौं! उहाँले विश्वासीहरूलाई बचाउनुहुन्छ, जसको जीवन पहिले निरन्तर पासो र धरापमा परी परीक्षाहरूद्वारा पराजित भएको थियो (१ कोरिन्थी १०:१३)!

येशू ख्रीष्टमा विश्वास गर्ने मानिसहरूले अब व्यवस्था पालन गरी धर्मी ठहरिन कोसिस गर्दैनन्। तिनीहरूले विश्वास गर्छन्, कि ...

- येशू ख्रीष्टले पृथ्वीमा तिनीहरूको स्थानमा पापरहित सिद्ध जीवन जिउनुभयो।
- येशू ख्रीष्टले तिनीहरूको स्थानमा तिनीहरूको पापहरूको प्रायश्चितको निम्ति सिद्ध बलिदान ल्याउनुभयो।
- र येशू ख्रीष्ट तिनीहरूको स्थानमा मृत्युबाट पुनरुत्थान हुनुभयो, जसले एक दिन तिनीहरूको पनि पुनरुत्थान हुनेछ र कहिल्यै मर्नुपर्दैन भन्ने कुरा पक्का गर्दछ!

येशू ख्रीष्टको विश्वासमा आउनुभन्दा पहिले इसाईहरू पनि वैधानिकरूपमा 'परमेश्वरको व्यवस्थाको अधिनमा' थिए। तर तिनीहरू येशू ख्रीष्टको विश्वासमा आएका हुनाले अबदेखि उसो तिनीहरू 'परमेश्वरको व्यवस्थाको अधिनमा' हुँदैनन्। येशू ख्रीष्टले तिनीहरूको स्थानमा व्यवस्था पूरा गर्नुभएको छ (मत्ती ५:१७)। धर्मी ठहरिनको निम्ति धार्मिकताको लागि परमेश्वरले माग गर्नुहुने व्यवस्था ख्रीष्टमा अन्त भएको हुनाले ख्रीष्टमा विश्वास गर्ने हरेक व्यक्तिलाई 'धार्मिक' घोषणा गरिनेछ (रोमी १०:४)। येशू ख्रीष्टले पहिले नै तिनीहरूका स्थान बसी परमेश्वरको व्यवस्था सिद्धरूपमा पूरा गरिसक्नुभएकोले गर्दा, अब इसाईहरूले धर्मी ठहरिन (क्षमा पाउन) परमेश्वरको औपचारिक व्यवस्था पलान गर्न कोसिस गर्नुपर्दैन। परमेश्वरको धार्मिकताको मागस्वरूप व्यवस्थाले केवल मानिसहरूलाई तिनीहरूको आत्मिक दुर्वलता महसुस गराउनु, पराजय अनि बन्धन अनुभव गराउन र अन्तमा परमेश्वरको श्रापको सामना गराउने कुरातिर डोर्‍याउँछ। तर यदि कुनै विश्वासी पवित्र आत्माको अगुवाइमा रहन्छ भने, धर्मी ठहरिनको निम्ति परमेश्वरले माग गर्नुहुने व्यवस्थाको अधिनमा ऊ रहँदैन। अब इसाईको जीवनलाई शासन गर्ने र नियन्त्रण गर्ने शक्ति व्यवस्था होइन, तर उसक जीवनलाई शासन गर्ने र डोर्‍याउने शक्ति भनेको पवित्र आत्मा हो (गलाती ५:१८)।

(५) तैपनि, इसाईहरूले परमेश्वरको नैतिक व्यवस्था अझै पलाना गर्दछन्।

व्यवस्था पालनद्वारा इसाईहरू धर्मी ठहरिका (क्षमा गरिएका, बचाइएका) होइनन् भन्ने तथ्यको अर्थ इसाईहरूले परमेश्वरको नैतिक व्यवस्थालाई बेवास्ता गर्छन् अथवा त्यसबाट तिनीहरूले छुट पाउँछन् भन्ने होइन। नयाँ जन्म पाएका इसाईहरूले निरन्तर परमेश्वरको नैतिक व्यवस्थाहरू पालना गर्छन् (दश आज्ञाहरू) (मर्कूस १२:२९-३१; रोमी १३:८-११; गलाती ५:१४); यो तिनीहरू धर्मी ठहरिने (क्षमा पाउने, बचाइने) उपाय होइन, तर यो त इसाईले कसरी आफू धर्मी ठहरियो (बचाइयो, क्षमा पायो) भनी आफ्नो जीवन जिउनसक्ने मार्गदर्शक (कम्पास, नक्सा, ज्योति) हो!

गलाती ५:१९-२१

प्रश्न ५ - तपाईंको पापमय स्वभावले अझै तपाईंलाईई नियन्त्रण गर्छ भन्ने तथ्यको स्पष्ट प्रकटीकरण के-के हुन्?

टिप्पणी - पापमय स्वभावको प्रकटीकरण यस प्रकारका छन्।

(१) यौनसँग सम्बन्धित दुर्गुणहरू (खराब आचरणहरू)।

यौन अनैतिकता (sexual immorality) - 'पोर्निया' (porneia) भन्ने ग्रीक शब्दले विवाहभन्दा पहिले र विवाहभन्दा बाहिर गरिने यौनसम्बन्धी सबै विचारहरू, बोलीवचनहरू (शब्दहरू) र क्रियाकलापहरूलाई बुझाउँछ। यसले यस्ता अवैधिनि (गैरकानुनी) यौन सम्बन्धहरूलाई बुझाउँछ; जस्तै: व्यभिचार (१ कोरिन्थी ५:१; १ कोरिन्थी ६:१३,१८; १ कोरिन्थी ७:२), हाडनाताकरणी (लेवी १८:६), परस्त्रीगमन (लेवी १८:२०), समलिङ्गी यौन क्रियाकलाप (पुरुष अथवा स्त्री) (लेवी

१८:२२) र पशुसँगको सम्भोग (लेवी १८:२३)। सांसारिक धर्महरूमा यौन अनैतिकताले मूर्तिपूजाजस्तै गरी आत्मिक अनैतिकतासँग नजिकको सम्बन्ध राख्दछ (कलस्सी ३:५)।

अशुद्धता (impurity) - 'आकाथार्सिया' (akatharsia) भन्ने ग्रीक शब्दले अप्राकृतिक यौन क्रियाकलापसँग सम्बन्धित सबै विचारहरू, बोलीवचनहरू (शब्दहरू) र क्रियाकलापहरूलाई बुझाउँछ; जस्तै: यौन चलचित्र, यौन कल्पना (स्वप्न-चित्र), फोहोरी चुटकिलाहरू, नक्कली प्रेमलिला गर्नु (म्वाइँ खानु, अँगालो हाल्नु, सुमसुम्याउनु), र कपडाभित्र हात घुसाउनु (१ थेसलोनिके ४:७)।

लम्पटपना (debauchery) - 'आसेल्जिया' (aselgeia) भन्ने ग्रीक शब्दले यस्ता फोहरी कुराहरूलाई बुझाउँछ; जस्तै: अनियन्त्रित कामुकता, अश्लीलता, अनैतिक यौन व्यवहार, कसैको आदर-सम्मानमाथि आक्रमण गर्नु, अत्याधिक मात्रामा हरेक किसिमको यौन क्रियाकलापमा लिप्त हुनु र त्यस्ता अभिलाषाको बढी चाहना गर्नु (एफिसी ४:१९)। यो फोहरी जीवनशैली र व्यवस्था बिनाको क्रियाकलापहरू हुन् (२ पत्रुस २:७-८)।

(२) झूटा देवाहरूसँग सम्बन्धित दुर्गुणहरू र खराब आचरणहरू।

मूर्तिपूजा (idolatry) - 'आइडोलोलात्रिया' (aidololatria) भन्ने ग्रीक शब्दको अर्थ यस्तो हुन्छ: मूर्तिहरूको आराधना गर्नु र त्यसको दुष्पटतामा सहभागी हुनु, विवेकले मनाही गर्ने गरी मूर्तीहरूलाई बलिदान गरिएका कुराहरू खानु, मन्दिरमा वेश्यावृत्ति गर्नु, अश्लील बोलचाली बोल्नु र नाङ्गो नाँच नाँच्नु आदि। मूर्तिपूजा गर्नु भनेको बाइबलको परमेश्वरलाई कुनै व्यक्ति अथवा कुनै अरू थोकले प्रतिस्थापन गर्नु हो। साँच्चै भन्ने हो भने संसारका धर्महरूमा मानिसको दिमागले रचेका 'देवी-देवता'को आराधना गर्नु नै मूर्तिपूजा गर्नु हो (प्रस्थान २०:३; यशैया ४३:१०-११)। नास्तिकवाद भनेको कुनै व्यक्तिले आफैलाई ईश्वरको रूपमा उचाल्नु हो र त्यो पनि मूर्तिपूजा नै हो!

जादूगरी (तन्त्र-मन्त्र) (witchcraft) - 'फर्माकेइया' (farmakeia) भन्ने ग्रीक शब्दको अर्थ जादूगरी अभ्यास र भूतात्मा खेलाउने विद्या हो, जसद्वारा कुनै निश्चित वस्तुमा रहस्यमय शक्ति प्राप्त गरी त्यसलाई जन्तर वा बुट्टीको रूपमा शरीरमा अथवा कुनै विशेष स्थानमा राखिन्छ। यसको अर्थ जादूगरीको सुत्रहरूद्वारा अनि धार्मिक पुस्ततको अक्षरहरूद्वारा (मन्त्रहरूद्वारा) शक्ति जम्मा गरिन्छ (प्रस्थान ७:११)। जोतिषीहरूले जोखाना हेर्ने अनि राशिफल हेर्ने कुरा पनि यसैमा पर्दछ (गन्ती २२:६-७; यशैया ४७:९-१३)। त्यस्ता काम गर्न जोतिषिहरूले आफूसँग अलौकिक शक्तिहरू छ भनी दाबी गर्छन् (प्रेरित ८:९; प्रेरित १३:८; प्रेरित १९:१३,१९; प्रकाश ९:२१; प्रकाश २१:८)। यस किसिमका जादूगरी र तन्त्र-मन्त्रमा विश्वास गर्नु मूर्तिपूजाको ढाँचा हो।

(३) कलह र झगडासँग सम्बन्धित दुर्गुणहरू र खराब आचरणहरू।

घृणा (hatred) - 'इक्थ्राइ' (echthrai) भन्ने ग्रीक शब्दको अर्थ शत्रुता अथवा दुस्मनी हो (एफिसी २:१६)।

झैँझगडा (discord) - 'एरिस' (eris) भन्ने ग्रीक शब्दको अर्थ कलह अथवा झगडा गर्नु हो (१ तिमोथी ६:४; तीतस ३:९)।

ईर्ष्या (jealousy) - 'जेलोस' (zelos) भन्ने ग्रीक शब्दको अर्थ अधिकार अथवा स्वामित्वको तीव्र मनोवृत्ति हो। प्राय: यो शब्द झगडासँग जोडिएर आउँछ। कुनै व्यक्तिको अर्को कुनै विशेष व्यक्ति अथवा विषयप्रति तीव्र समर्पण छ भने, अर्को व्यक्तिको नाउँ अथवा अर्को विषयको चर्चा गरिँदा उसले तुरुन्तै ठूलो बहस गरी त्यसलाई खारेज गर्छ। डाही व्यक्तिले आफू नायकको नजिक हुन चाहन्छ र उसले आफैलाई नायक ठान्दछ।

क्रोध (fits of rage) - 'थुमोइ' (thumoi) भन्ने ग्रीक शब्दको अर्थ रिस पोखाउनु अथवा क्रोधको उत्तेजना आउनु हो। विशेष गरी कुनै व्यक्तिले आफ्नो चाहना महसुस गर्न नसक्दा अथवा आफ्नो इच्छा पूरा गर्न नपाउँदा यस्तो व्यवहार गर्छ।

स्वार्थी अभिलाषा (selfish ambition) - 'एरिथेइया' (eritheia) भन्ने ग्रीक शब्दको अर्थ बेइमानी तरिकाद्वारा शक्तिशाली स्थान प्राप्त गर्नु खोज्नु हो। सार्वजनिकरूपमा झूटा प्रतिज्ञाहरू र आश्वासनहरू दिनु, गुप्तमा गएर भोट माग्नु, अरू मानिसहरूको पछाडि सम्झौताहरू गर्नु अथवा समावेश गर्नुपर्ने मानिसहरूलाई अलग गरेर निर्णयहरू गर्नु आदि यसको उदाहरणहरू हुन्। यस्ता कुराहरू प्राय: राजनैतिक क्षेत्रमा हुने गर्छन्, तर दुर्भाग्यवश धार्मिक क्षेत्रहरूमा पनि यदाकदा यस्ता कुराहरू सुनिने गरिन्छ (Filippenzen 1:17; Filippenzen 2:3)।

फूट (dessensions) - 'डिकोस्टासियाइ' (dichostasiai) भन्ने शब्दको अर्थ विभाजन अथवा फुट्नु भन्ने हुन्छ। यो शब्द झूटा शिक्षकहरू र मण्डलीमा हुने बेमेल र अनेकतासँग सम्बन्धित छ (रोमी १६:१७)।

गुटबन्दी (factions) - 'हेरेसिस' (hairesis) भन्ने ग्रीक शब्दको अर्थ झूटो शिक्षा, गुटहरू बनाउनु, समुहरू टुक्रिनु हो (१ कोरिन्थी ११:१८-१९)। पछि गएर यो शब्द नयाँ किसिमका सिद्धान्तहरू अथवा झूटा शिक्षाहरू जन्माउने मानिसहरूको लागि सम्बन्धित हुन थाल्यो।

डाह (envy) - यसको निम्ति ग्रीकमा 'फथोनोइ' (fthonoi) शब्द प्रयोग गरिएको छ। 'डाह' भनेको अरूसँग भएको थोकहरू देखेर अप्रसन्न हुनु हो भने 'ईर्ष्या' भनेको आफूसँग भएका थोकहरू गुमाउनुपर्ला भन्ने डर हो। डाहको कारणले नै हाबिलको हत्या गरियो; योसेफलाई खाल्डोमा फालियो; कोरह र उसको सहयोगीहरूले तिनीहरूका आत्मिक अगुवाको विरोधमा विद्रोह गरे; राजा शाऊल दाऊदको पछि लाग्यो; हराएको छोराको दृष्टान्तमा जेठा छोराले आफ्नो पिताको विरुद्धमा कठोर शब्दहरू प्रयोग गऱ्यो; र डाहकै कारणले ख्रीष्टलाई क्रूसमा टाँगियो। साँचो इसाईले प्रेम गर्छ, कहिल्यै डाह गर्दैन (१ कोरिन्थी १३:४)!

(४) असंयमतासँग सम्बन्धित दुर्गुणहरू र खराब आचरणहरू।

पियक्कडपन (drunkenness) - 'मेथाइ' (methai) भन्ने ग्रीक शब्दको अर्थ पियक्कडपन अथवा मद्यपान पिउने लतलाई बुझाउँछ। मद्यपानको लतलाई बाइबलले रोग मात्र होइन पाप हो भनी बताउँछ। जहाँ यस्ता मद्यपान र पियक्कडपनसम्बन्धी कुलतलाई व्यक्तिगतरूपमा बेवास्ता गरिन्छ अथवा तुच्छ ठानिन्छ, त्यहाँ मानव सभ्यता ओह्रालो लाग्छ र अन्तमा त्यो नास भएर जानेछ।

अश्लील मोजमज्जा (orgies) - 'कोमोइ' (komoi) भन्ने ग्रीक शब्दको अर्थ अत्याधिक भोज खानु, मोजमज्जा गर्नु अथवा रक्सी पिउनु भन्ने हुन्छ। पहिले बाक्कुस (Bacchus) अथवा डायनिसस (Daionysus) भन्ने रक्सीको देवतालाई आदर गर्दै ठूलो भोज आयोजना गरिन्थ्यो अनि खुसी भएर गीत गाउँदै चम्किला बत्तीहरू लिएर सडकहरूमा जुलुस निकालिन्थ्यो। त्यसरी मोजमज्जा गर्नेहरूले धेरै मासु खान्थे अनि धेरै रक्सी पिएर ठूलो हल्ला मच्चाउँथे। धेरै नयाँ इसाईहरू त्यस्ता पुराना चाडपर्वहरू त्यागेर विश्वासी हुनुभन्दा पहिले यस्तै मोजमज्जामा लाग्ने गर्थे।

(५) गम्भीर चेताउनी

यस किसिमले जिउने मानिसहरू परमेश्वरको राज्यको उत्तराधिकारीहरू हुनेछैनन् भनी प्रेरित पावलले चेताउनी दिन्छन्। तिनीहरूले विरोध गर्दै, "असल नतिजा ल्याउन, खराब काम गरौँ" (रोमी ३:८; रोमी ६:१) भनी भन्ने शब्दहरू पक्कै झूटा हुन्! असल काम गरेर त कोही पनि परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दैन भने, त्यस्ता दुष्टतापूर्ण कामहरू अभ्यास गरेर कसरी तिनीहरू परमेश्वरको राज्यमा प्रवेश गर्नेछन्! येशू ख्रीष्टमा विश्वास गर्ने नयाँ मानिसले त्यस्ता अन्धकारका सबै कामहरूलाई 'बिदाइ' भन्नैपर्छ। होइन भने, उसले अझै ज्योतिमा हिँडिरहेका छैन भन्ने कुरालाई प्रमाणित गर्दछ (यूहन्ना ३:१९-२१; १ कोरिन्थी ६:११; एफिसी ५:७-१२)।

गलाती ५:२२-२३

प्रश्न ६ - पवित्र आत्माले तपाईंलाई नियन्त्रण गर्नुहुन्छ भन्ने तथ्यको स्पष्ट प्रकटिकरणहरू के-के हुन्?

टिप्पणी - पवित्र आत्माद्वारा नियन्त्रित नयाँ जन्म पाएको जीवनको प्रकटिकारणहरू निम्नअनुसारका छन्।

(१) आत्माको फलसँग आत्मिक विशेषताहरू हुन्छन्।

प्रेम - 'अगापे' (agape) भन्ने ग्रीक शब्दको अर्थ हराएका मानिसहरूप्रति ख्रीष्टमा परमेश्वरको बलिदानपूर्ण प्रेम हो र साथै १ कोरिन्थी १३:१-८ मा उल्लेख गरिएझैँ, एक-अर्काप्रति इसाईहरूको प्रेम हो। यो परमेश्वरको यस्तो प्रेम हो, जसले मानिसहरूले गर्न तीन किसिमका स्वभाविक प्रेमहरूलाई पूर्ण र सिद्ध बनाउँछ (स्नेह, मित्रता र यौन प्रेम)[27]। यसले सन्तान र परिवारको अरू सदस्यहरूप्रति आमाबुबाको प्रेमलाई पूर्ण तुल्याउँछ। यसले मित्रहरूको बीचको प्रेमलाई पूर्ण तुल्याउँछ। र यसले पति र पत्नीबीचको शारीरिक प्रेमलाई पूर्ण तुल्याउँछ। निर्देशिका २, पाठ १४ मा भएको बाइबल अध्ययन हेर्नुहोस्। वास्तवमा यो अति महत्वपूर्ण इसाई सद्गुण हो।

[27] Greek: storge, filia and eros

आनन्द - 'चारा' (chara) भन्ने ग्रीक शब्दको अर्थ हर्षित हुनु र रमाउनु हुन्छ। इसाईहरू परमेश्वरको आज्ञाहरूअनुसार हिँड्दा हर्षित हुन्छन् (भजन ११९:३५)। इसाईहरू अति नराशाजनक परिस्थितिहरूमा पनि रमाउन सक्छन्, किनभने परमेश्वरले सबै कुराहरू तिनीहरूका जीवनमा हुन दिनुहुन्छ र ती सबै मिलेर भलाइ उत्पन्न हुन्छ भन्ने तिनीहरूलाई थाहा हुन्छ (रोमी ८:२८)।

शान्ति - 'एइरिने' (eirene) भन्ने ग्रीक शब्दको अर्थ एकातर्फ लडाइँ, झगडा, युद्ध, डर, झर्को र जलनजस्ता कुराहरूको अनुपस्तिति हो भने अर्कोतर्फ मानिसहरूको तोडिएको अवस्थालाई पूरा र सिद्धरूपमा निको पार्ने परमेश्वरको शक्तिको उपस्थिति हो।

(२) आत्माको फलसँग सामाजिक विशेषताहरू हुन्छन्।

धैर्यता - 'माक्रोथुमिया' (makrothumia) भन्ने ग्रीक शब्दको अर्थ रिस उठाउने, विरोध गर्ने अथवा सताउने र दिक्क पार्ने मानिसहरूसँगको सम्बन्धमा धिरजी हुनु हो। धैर्यताले रिसले झोक्किने अवस्थालाई इन्कार गर्छ। धैर्यताले लामो समयसम्म प्रतिक्षा गर्न सक्छ र अरूले दिएको दु:ख-कष्ट र चोटहरूलाई सहन्छ।

दया - 'क्रेस्टोटेस' (chrestotes) भन्ने ग्रीक शब्दको अर्थ विशेषगरी महिलाहरूतिर (लूका १३:१०-१३), बाल-बालिकाहरूतिर (लूका १८:१५-१७) र पापीहरूतिर (लूका २३:३४) दया, भद्रता अथवा नरमपना देखाउनु हो।

भलाइ - 'अगाथोसुने' (agathosune) भन्ने ग्रीक शब्दको अर्थ पवित्र आत्माले निर्माण गर्नुभएको हरेक किसिमको नैतिक र आत्मिक विशिष्टपन हो; जसको मतलब इमान्दारीपन (एफिसी ५:९) र उदारता (गलाती ५:२२) हो।

(३) आत्माको फलसँग तीन सम्बन्धहरूमा हुनुपर्ने सद्गुणहरू हुन्।

विश्वासयोग्यता - 'पिस्टिस' (pistis) भन्ने ग्रीक शब्दले विश्वास भन्ने अर्थ दिन सक्छ, तर यसले परमेश्वरतर्फको विश्वासयोग्यता अथवा इमान्दारिता भन्ने अर्थ दिन्छ।

नम्रता - 'प्राउटेस' (prautes) भन्ने ग्रीक शब्दको अर्थ सोचविचार गर्ने, भद्र, विनम्र अथवा शिष्ट भएर समर्पित हुने भन्ने हो।

आत्मसंयम - 'इङ्गक्राटिया' (engkrateia) भन्ने ग्रीक शब्दको शाब्दिक अर्थ विशेषगरी यौनलाई नियन्त्रण गर्ने आन्तरिक शक्ति हुनु हो (आत्मसंयमको कमी भनेको कमजोरी हो)। यसको अर्थ आफ्नो आवेग, जोश र भोकलाई पक्रेर नियन्त्रणमा राख्नु हो।

गलाती ५:२३

प्रश्न ७ - आत्माको फलको विरुद्धमा कुनै व्यवस्था छैन भन्नुको अर्थ के हो?

टिप्पणी - गलाती ५:१९-२१ मा उल्लेखित पापहरूको विरुद्धमा व्यवस्था निर्दिष्ट रहँदा (१ तिमोथी १:९ सँग तुलना गर्नुहोस्), गलाती ५:२२-२३ मा उल्लेखित आत्माको फलको विरुद्धमा व्यवस्था निर्दिष्ट छैन, जुन विश्वासीहरूमा पवित्र आत्माले सामाजिक, नैतिक र आत्मिक सद्गुणहरू हुन्। साधारणतया 'व्यवस्थाहरूले' केही कामहरूलाई निषेध गर्छ, तर पापमय स्वभावको कामहरू अर्थात् मानवीय दुर्गुणहरूलाई (१९-२१ पद) मेटाउनको निम्ति पावलले आत्माको फलरूपी (२२-२३ पद) सद्गुणहरूलाई अभ्यास गर्न इसाईहरूलाई प्रेरित गर्दछन्!

तैपनि, त्यस्ता पापमय स्वभावको दुर्गुणहरूलाई मेटाउन इसाईहरूले त्यसमा निरन्तर केन्द्रित हुन ध्यान दिँदैनन्। त्यसको सट्टामा तिनीहरू आफूमा वास गर्नुहुने पवित्र आत्मामा ध्यान केन्द्रित गर्दछन्। इसाईहरूले पापमय स्वभावको अभिलाषालाई तृप्त पार्दैनन् (१६ पद), बरू तिनीहरूले पवित्र आत्मालाई आफूलाई डोऱ्याउन दिन्छन् (१८ पद) र पवित्र आत्मासँगै पाइला चाल्दछन् (२५ पद)। इसाईहरू पाप र पापमय संसारप्रति केन्द्रित हुँदैनन्, तर येशू ख्रीष्ट र स्वर्गीय आत्मिक वास्तविकताहरूप्रति केन्द्रित हुन्छन् (रोमी ७:२५; कलस्सी ३:१-४)। इसाईहरू प्रेमप्रति केन्द्रित हुन्छन्, किनभने प्रेमले व्यवस्थामा भएका सबै सकारात्मक पक्षहरूलाई समेट्छ (गलाती ५:१४)

चरण ४ - लागू गर्नु **प्रयोगहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् - एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र गलाती ५:१३-२६ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
ध्यान दिनुहोस् - यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
लेख्नुहोस् - उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्।
(हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

गलाती ५:१३-२६ बाट निकालिएका केही सम्भावित अनुप्रयोगहरू:

५:१३ तपाईंलाई परमेश्वरले पापको शक्तिको दास हुनको निम्ति होइन, तर स्वतन्त्र भएर अरूहरूलाई प्रेम र सेवा गर्नको निम्ति बोलाउनुभएको हो भनी याद गर्नुहोस्।

५:१५ प्रेमको कमीले गर्दा मानिसहरूले एक-अर्कालाई नास गर्दछन् (युद्ध गर्छन्) भनी याद गर्नुहोस्।

५:१६ पवित्र आत्माको नियन्त्रणको अधिनमा जिएर मात्र तपाईंले पापमय स्वभावको अभिलाषाहरूलाई सन्तुष्ट (पूरा) पार्नुहुनेछैन।

५:१७ पवित्र आत्माले सधैँ पापमय स्वभावको प्रकटिकरणहरूको विरोध गर्नुहुन्छ भनी याद गर्नुहोस्।

५:२४ साँचो इसाईहरूले पापमय स्वभावलाई त्यसको आवेग र चाहनाहरूसहित क्रूसमा टाँगिसकेका हुन्छन् भनी याद गर्नुहोस्।

गलाती ५:१३-२६ बाट निकालिएका केही व्यक्तिगत अनुप्रयोगका उदाहरणहरू:

यद्यपि मेरो पुरानो पापमय स्वभाव र पवित्र आत्माको बीचमा मभित्र हुने आन्तरिक आत्मिक युद्ध मलाई मन नपरे तापनि, पवित्र आत्मा ममा वास गर्नुभएर काम गर्नुहुने कुरामा म आनन्दित हुन्छ। त्यसैकारण, म पवित्र आत्मासँगै पाइला चाल्न चाहन्छु।

मैले मेरो जीवनमा पापमय स्वभावको प्रकटिकारणहरूबाट छुटकारा पाउनैपर्ने भए तापनि, मेरो मुख्य ध्यान आत्माको फल फलाउने कुरामा केन्द्रित गर्दछु, विशेष गरी परमेश्वरलाई, अरू मानिसहरूलाई र आफैलाई प्रेम गर्ने कुरामा म केन्द्रित रहन्छु।

चरण : ५ - प्रार्थना **प्रतिक्रिया**

गलाती ५:१३-२६ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

५	**प्रार्थना** (८ मिनेट)	**अन्तरबिन्ती प्रार्थना** **अरूहरूको लागि प्रार्थना गर्नुहोस्**

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति निरन्तर प्रार्थना गर्नुहोस्। (रोमी १५:३०; कलस्सी ४:१२)।

६	**गृहकार्यको तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**

(समूहको अगुवा - समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

१. प्रतिवद्धता - चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्।

अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा गलाती ५:१३-२६ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।

२. परमेश्वरसँग व्यक्तिगत समय - उपदेशक १, २, ३ र ४ को आधा अध्यायबाट प्रत्येक दिन परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।

३. पद कण्ठ गर्नुहोस् - (५) चेलाहरू बनाउनु - मत्ती २८:१८-२०

आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।

४. प्रार्थना - कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्- तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।